# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### धनगढी, कैलाली
### सुदुरपश्चिमप्रदेश, नेपाल

प.सं.:०७९/०८०
च.नं.:

मिति : २०७९/०५/२६

## सेवा करार सम्बन्धी सूचना
(सूचना प्रकाशित मिति : २०७९/०५/२६)

धनगढी उप-महानगरपालिकाको लागि तपशिल बमोजिमको पदमा देहायको संख्यामा र योग्यता पुगेको कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र कार्यालय समयमा तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । रित नपुगेका वा म्याद नाघी आएका दरखास्तमा कुनै कारवाही हुने छैन ।

तपसिल

| क्र.स | विज्ञापन नम्बर | पद | माग पद विवरण | | परिक्षा दस्तुर | काम गर्नुपर्ने स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | तह | माग संख्या | | | |
| १. | ७/२०७९/८० | कृषि स्नातक (अधिकृतं) | छैठौ | १(एक) | १,०००।- | ध.उ.म.न.पा.,कैलाली | |

१. न्युनतम शैक्षिक योग्यता
   क) मान्यता प्राप्त विश्व विद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञान विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेको ।
२. सेवा : करार ।
३. उमेर : २१ बर्ष पुरा भई ४० बर्ष ननाघेको ।
४.फाराम बुझाउने अन्तिम म्याद : सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र र सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन ।
५.परिक्षाको किसिम : लिखित र अर्न्तवार्ता ।
६.परिक्षा /अर्न्तवार्ता मिति : पछि सूचना प्रकाशन गरिने छ ।
७.सेवा सुविधा : स्थानिय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि,२०७९ मा व्यवस्था भए बमोजिम ।
८.करार अवधी :२०८० साल आषाढ मसान्त सम्म (कार्य सम्पादन सन्तोषजनक भएमा करार सम्झौता थप गर्न सकिने छ ।
९.पाठ्यक्रम : संघिय लोकसेवा आयोगको नेपाल कृषि सेवा, कृषि प्रसार अधिकृतको प्रथम पत्र अनुसार हुने छ ।
१०.आवेदन फाराम संग पेश गर्नुपर्ने कागजातहरु :
   क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
   ख) न्युनतम शैक्षिक योग्यताको लब्धांङ्क-पत्रको प्रतिलिपी ।
   ग) चारित्रिक प्रमाण-पत्रको प्रतिलिपी ।
   घ) समकक्षता आवश्यक पर्ने भए सो को प्रमाण-पत्रको प्रतिलिपी ।
   ङ) परिक्षा दस्तुर तिरेको रसिद ।
   च) आवेदन फाराम यस कार्यालयको कृषि विकास शाखा वा धनगढी उपमहानगरपालिकाको वेवसाईट : https://dhangadhimun.gov.np/बाट प्राप्त गर्न सकिने छ ।
   छ) आवेदन फाराम बुझाउने स्थान : धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखा, धनगढी, कैलाली ।
   ज) थप जानकारीको लागी धनगढी उप-महानगरपालिका कृषि विकास शाखा वा फोन नम्बर ०९१-५२५०५९ मा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत